# "नगर युवा परिषद संचालन कार्यबिधि, २०७८"

कार्यपालिकाबाट स्वीकृत मितिः– २०७८।१०।२३

प्रमाणित भएको मितिः– २०७८।१०।२४

तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर दाङ

घनश्याम पाण्डे
प्रमुख

प्रस्तावना

तुलसीपुर उपमहानगरपालिकाका युवाहरुको हक हितको संरक्षण र प्रवर्द्धन गर्दै उनीहरुको सशक्तीकरण एवं समग्र विकासका साथै शिक्षा, सीप, उद्यमशलिताका माध्यमबाट स्वस्थ, अनुशासित र स्वरोजगार युवाहरुको विकास गर्न तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत नगरपालिका निर्माणका लागि नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायमा युवाहरुलाई नगर विकासको मुल प्रवाहमा समाहित गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उप दफा २ को अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१) संक्षिप्त नाम, लागु र परिभाषाः–

१) यस कार्यविधिको नाम "नगर युवा परिषद् संचालन कार्यविधि, २०७८" रहेको छ ।

२) यो कार्यविधि प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले परिषदको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिको अधिनमा रहि कार्यापालिका वा नगर सभाबाट तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

घ) "परिषद् भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम स्थापना भएको नगर युवा परिषद सम्झनुपर्छ ।

ङ) "युवा" भन्नाले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनुपर्छ ।

च) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पिडित, जोखिममा परेका, दलित, जनजाति, गरिबीको रेखामुनी रहेका, अपाङ्गता भएका वा सिमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका युवा सम्झनुपर्छ ।

छ) "सदस्य" भन्नाले नगर युवा परिषदका पदाधिकारी, सदस्य र सदस्य सचिब समेतलाई जनाउँछ ।

ज) "नगर" भन्नाले तुलसीपुर उपमहानगरपालिका र "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई जनाउँछ ।

झ) "क्लब" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम टोल र वडामा गठन हुने युवाहरुको क्लबलाई जनाउँछ ।

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद–२

## परिषदको स्थापना

३.परिषदको स्थापनाः–

१) प्रस्तावनामा उल्लेखित कार्यहरु समेतका लागि उपमहानगरपालिकामा एक नगर युवा परिषद स्थापना गरिनेछ ।

२). नगर युवा परिषदको कार्यालय तुलसीपुर उपमहानगरपालिकामा रहनेछ ।

४. परिषद संगठित संस्था हुनेः

(१) परिषद एक संगठित संस्था हुनेछ ।

२) परिषदको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३) परिषदले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

४) परिषदले व्यक्ति तथा क्लब र अन्य संघसंस्थाहरुसंग कार्य सम्झौता गरि कार्य सम्पादन गर्न सक्नेछ ।

## परिच्छेद–३

## परिषद गठन, काम, कर्तव्य र अधिकार

५. परिषदको गठनः–

१) नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

| | |
|---|---|
| क) नगर प्रमुख | –अध्यक्ष |
| ख) नगरकार्यपालिकाले मनोनयन गरेको एक जना युवा | –उपाध्यक्ष |
| ग) युवा विकासको क्षेत्रमा योगदान गरेका युवा मध्ये परिषदले मनोनित गरेका एक जना महिला सहित | –२ जना सदस्य |
| घ) वडास्तरीय युवा क्लबका सदस्यबाट परिषदले मनोनित गरेको एक जना महिला सहित | –२ जना सदस्य |
| ङ) विशेष समुदायबाट परिषदले मनोनित गरेको एक जना युवा | – सदस्य |
| च) सामाजिक विकास समिति संयोजक | –सदस्य |
| छ) कृर्षि सेवा शाखा प्रमुख | – सदस्य |
| ज) पशुसेवा शाखा प्रमुख | –सदस्य |
| झ) युवा तथा खेलकुद शाखा प्रमुख | –सदस्य सचिब |

२. मनोनित सदस्यहरुको पदावधि तीन वर्षका हुनेछ ।

घनश्याम पाण्डे
प्रमुख

३. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

४. उपनियम(३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

५. दफा (५) को उपदफा १ (ख) बमोजिमको उपाध्यक्ष पदका लागि युवा छनोट गर्दा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तिमा दुई वर्ष काम गरेको प्रतिष्ठित युवा मध्येबाट मनोनयन गर्नु पर्नेछ ।

६. मनोनित सदस्यहरुको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तिर्ण र उपाध्यक्षको हकमा स्नातक तह उर्तीण हुनु पर्नेछ ।

६. परिषदको काम, कर्तव्य र अधिकार:

यस कार्यबिधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) युवा सम्बन्धी नगरको दीर्घकालिन नीति तर्जुमा गरी नगरपालिका समक्ष सिफारिस गर्ने,

ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधिनमा रही युवा लक्षित बार्षिक योजना तथा कार्यक्रम बनाई नगरपालिकामा पेश गर्ने ।

ग) परिषदसँग आवद्धता/सहकार्य गर्ने संघसंस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने ।

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने ।

ङ) युवालाई समुदाय, नगर तथा राष्ट्र निर्माण कार्यमा सहभागी हुन उत्प्रेरित गर्ने ।

च) परिषदको वार्षिक योजना, कार्यक्रम तथा बजेटको प्रस्ताव स्वीकृत गरि नगरपालिकामा पेश गर्ने ।

छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण गर्न नगरपालिकालाई आग्रह गर्ने ।

ज) नगर स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालनका कार्यक्रमहरु संचालन गर्ने ।

झ) नगर स्तरमा युवा लक्षित जीवन उपयोगी सिप र उद्यमशिलता तथा नेतृत्व विकास सम्बन्धि कार्यक्रमहरु गर्ने ।

ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषदसँग समन्वय तथा सहकार्य गर्ने ।

ट) युवाहरु बीच नवप्रवर्तन तथा विशेष क्षमता अभिबृद्धिका कार्यहरु गर्ने ।

ठ) नगरमा रहेका युवाक्लब, युवासञ्जाल तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरि सामाजिक बिकृति तथा कुप्रथा अन्त्यका लागि जनचेतना मुलक कार्य गर्ने ।

ड) तोकिएका अन्य कार्यहरु गर्ने ।

घनश्याम पाण्डे
प्रमुख

७. परिषदको बैठक र निर्णयः

१. परिषदको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यत तीन महिनाभन्दा बढी हुने छैन ।

२. परिषदको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. परिषदको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषदका सदस्य–सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

४. परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. बैठकको अध्यक्षता परिषदको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

६. परिषदको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७. परिषदको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

८. कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद–४

## नगर युवा सञ्जाल गठन तथा काम, कर्तव्य र अधिकार

८. सञ्जालको गठनः

१) परिषदको कामकाजलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि एक नगर युवा सञ्जाल गठन गरिनेछ ।

२) नगर युवा सञ्जालको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) परिषदको उपाध्यक्ष | अध्यक्ष |
| ख) नगर कार्यपालिकाले मनोनित गरेको एक जना उद्यमी युवा | सदस्य |
| ग) परिषदका सदस्यहरु मध्येबाट परिषदले मनोनित गरेका एक जना महिला सहित दुई जना युवा | सदस्य |
| घ) युवा परिषदको सचिव | सदस्य–सचिव |

३) मनोनित सदस्यको पदावधि दुई बर्षको हुने छ ।

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

९. सञ्जालको बैठक र निर्णयः

१) सञ्जालको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समञ्जालको बैठक बस्नेछ ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षको अनुपस्थितिमा सदस्य– सचिवले सञ्जालका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा सञ्जालको बैठक बस्नेछ ।

४) सञ्जालको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको सूचना सदस्य–सचिवले सदस्यहरुलाई दिनेछ ।

५) सञ्जालको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

६) बैठकको अध्यक्षता सञ्जालको अध्यक्षले र निजको अनुपस्थितिमा सञ्जालका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

७) बैठकमा बहुमत सदस्यको राय-मान्य हुनेछ, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई आवश्यकता अनुसार सञ्जालको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९) बैठकको निर्णय सदस्यसचिवले प्रमाणित गरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।

१०. सञ्जालको काम, कर्तव्य र अधिकारः

नगर युवा सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

क) परिषदको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषदसमक्ष पेश गर्ने,

ख) परिषदबाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवासशक्तिकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

ग) युवासम्बन्धि विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने ।

घ) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

ङ) परिषदसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्न सहयोग गर्ने ।

च) नगरस्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रममा सहयोग गर्ने ।

तुलसीपुर उपमहानगरपालिका, दाङ
तुलसीपुर, लुम्बिनी प्रदेश, नेपाल

छ) नगरस्तरमा लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना मुलक अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने।

ज) नगरमा हुने प्राकृतिक प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा नगरपालिका, युवा परिषद तथा वडास्तरीय युवा क्लबसँग समन्वय सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

झ) राष्ट्रिय युवा परिषद, प्रदेश युवा परिषद, नगर युवा परिषद र अन्य क्लबहरु मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

ञ) नगर स्तरमा युवाको तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

ट) सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा मद्दत गर्ने ।

ठ) नगरपालिका र परिषदले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद–५

## वडा स्तरीय युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

### ११. युवा क्लबको गठन

१) पालिका अन्तरगतका प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्षको वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा एक वडा स्तरीय युवाक्लव गठन हुनेछ ।

२) उपदफा १) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडामा स्थायी रुपमा बसोबास गर्ने १६ देखि २४ उमेर समुहका सम्पूर्ण युवाहरु युवाक्लवका साधारण सदस्य हुन सक्नेछन् ।क्लबको सदस्यता लिन चहाने युवाले उमेर र ठेगाना खुलेको प्रमाणसहित सम्बन्धित वडा समितिको सचिवालयमा नाम दर्ता गराउनु पर्नेछ ।२४ बर्ष उमेर पुरा भएको युवा क्लबको साधारण सदस्य तथा अन्य पदाधिकारी रहने छैन ।

३) युवा क्लबको कार्य समितिमा सम्बन्धित वडामा स्थायी रुपले बसोबास गर्ने विभिन्न क्षेत्रका युवाहरुको (मेधावी विद्यार्थी, कलाकार, उद्यमी, खेलाडी, पत्रकार) भेलाले समावेशी/क्षेत्रका आधारमा अध्यक्ष, सचिव र कोषध्यक्ष रहने गरी ९ सदस्यीय वडा स्तरीय युवाक्लव गठन हुनेछ ।

४) उपदफा ३ बमोजिम गठित युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुने छ ।

५) वडा स्तरीय युवाक्लबको सचिवालय सम्वन्धित वडा समितिको कार्यालयमा हुनेछ ।

६) युवाक्लबले गरेका कार्यहरुको रेखदेख, अनुगमन तथा मुल्याङकन सम्बन्धित वडाले गर्न सक्नेछ ।

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे प्रमुख

७) वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु युवाक्लबको कर्तव्य हुनेछ ।

१२. युवाक्लबको काम, कर्तव्य र अधिकार:

१) सम्बन्धत वडामा बसोवास गर्ने युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

२) वडाका अन्य युवा क्लबसंग समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रम गर्ने ।

३) वडा स्तरमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, युवाअधिकार, बालअधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

४) वडाभित्र लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना मुलक अभियानहरुमा सक्रियतापूर्वक सहभागी भई कार्यक्रम सञ्चालन गर्ने ।

५) वडाभित्र हुने प्राकृतिक प्रकोपको व्यवस्थापन तथा विपदका बेला वडासमितिसँग समन्वय र सहकार्य गरि समुदायका युवा परिचालन गरि स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

६) प्रत्येक युवा क्लबले वडासमितिको समन्वय र सहकार्य गरि युवाको सहभागितामा उद्यम विकास तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने,

७) वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यावस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

८) परिषद तथा नगर युवा संजालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

९) आफ्नो टोल/समुदायमा भएगरेका विकास निर्माण कार्यमा लापर्वाही भएमा खबरदारी गर्ने साथै सम्बन्धित निकायमा उजुरी गर्ने

१३. वडास्तरी युवा क्लबको बैठक सम्बन्धी व्यवस्था:

(१) युवाक्लबको बैठकको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ ।

(२) कुल पदाधिकारी संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठक महिनामा एक पटक बस्नेछ । आवश्यक परेमा अध्यक्षले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।

(४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद ६

## परिषदसँग आवद्धता र कार्यक्रम सञ्चालन

१४. युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्ने:

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे प्रमुख

१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका नगरपालिका क्षेत्रभित्रका र नगरभित्र काम गर्न चाहने संघ संस्था परिषदमा आवद्ध हुन सक्नेछ ।

२) आवद्धताका लागि अनुसूची १ बमोजिमको ढाँचामा तोकिएको विवरण भरी तोकिएका कागजात संलग्न राखी परिषद समक्ष निवेदन दिनुपर्नेछ ।

३) उपनियम (२) बमोजिम निवेदन दिने संघ संस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषदले रु. १,०००।– (अक्षरुपी एक हजार) दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आवद्धता प्रदान गर्न सक्नेछ ।

४) उपनियम (३) बमोजिम आवद्ध भएका संघ संस्थाले प्रत्येक १ वर्षमा रु ५००।– (अक्षरुपी पाँच सय) दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

५) उपनियम (३) बमोजिम परिषद्सँग आवद्ध भएका संघ संस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद समक्ष पेश गर्नु पर्नेछ ।

६) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, लगातार दुई आर्थिक वर्षसम्म आवद्धता नविकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आवद्धता रद्द गर्न सकिनेछ ।

७) नगरपालिका भित्रका युवा सम्बन्धी कार्य गर्ने वा गर्न चाहने कुनै संघ संस्था तथा निकायले आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषदको पुर्वस्वीकृति लिनुपर्नेछ ।

१५. कार्यक्रम सञ्चालन गर्न सक्नेः

१) दफा १४ बमोजिम परिषदसँग आवद्ध भएका युवाक्लब वा संघ, संस्थाले आफ्नो विधानको अधिनमा रही बेरोजगार युवालाई सीपमूलक वा स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तीकरण गर्न, पिछडिएको समुदाय वा वर्गका युवाको हक, हितको संरक्षण गर्न खेलकुद लगायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

परिच्छेद–७

उपाध्यक्ष तथा कर्मचारी सम्बन्धी व्यवस्थाः

१६. उपाध्यक्ष सम्बन्धी व्यवस्थाः

१) नगर युवा परिषदको कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषदको उपाध्यक्षलाई जिम्मेवारी प्रदान गरिनेछ ।

२) उपाध्यक्षले प्रचलित नियम अनुसार बैठकभत्ता र यातायात खर्च पाउनेछ ।

३) उपाध्यक्षको पदावधि तीन वर्षको हुनेछ ।

तुलसीपुर उपमहानगरपालिका, दाङ
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदिय जिम्मेवारी पुरा नगरेमा वा परिषदलाई हानी नोक्सानी पुऱ्याएमा नगर कार्यपालिकाले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

५) उपनियम (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**१७. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) परिषदबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

ख) परिषदको वार्षिक योजना तथा कार्यक्रम तयार गरी परिषद समक्ष पेश गर्ने,

ग) परिषद तथा समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

घ) परिषदबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१८. कर्मचारी खटाउन सक्ने**

(१) परिषदको कार्यसञ्चालनलाई सम्पादन गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसार स्थायी कर्मचारी र एकजना कार्यलय सहयोगीलाई खटाउन सक्नेछ ।

## परिच्छेद–८

## परिषदको कोष सम्बन्धी व्यवस्था

**१९. परिषदको कोषः**

(१) परिषदको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन:

क) संघ, प्रदेश र नरपालिकाबाट प्राप्त अनुदान रकम,

ख) विभिन्न चन्दादाता व्यक्ति, संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

ग) विदेशी दातृनिकाय, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ) युवा सम्बन्धी संघ संस्थालाई आवद्धता तथा नवीकरण गर्दा प्राप्त रकम,

तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर, दाङ, लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

ङ) परिषदले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) परिषदको नामबाट गरिने सबै खर्चहरु उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ

४) परिषदको कोषमा रहने सम्पूर्ण रकम परिषदले तोकेको बैंकमा उपाध्यक्ष र सदस्य सचिबको संयुक्त दस्तखत बैंक खाता संचालन हुनेछ ।

२०. लेखा र लेखापरिक्षणः

(१) परिषदले आफ्नो आय व्ययको लेखा र लेखापरिक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

२) नगरपालिकाले परिषदको आय व्ययको लेखा त्यस सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरिक्षण गर्न गराउन सक्नेछ ।

## परिच्छेद–९

## विविध

**२१. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) परिषदले यो कार्यविधि बमोजिम आफुले गर्नु पर्ने कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यकाल तथा काम, कर्तव्य र अधिकार सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद वा कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

**२२. वार्षिक प्रतिवेदनः** (१) परिषदले आफुले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद र युवाक्लवहरुले वर्षभरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, परिषदको कोषको तथा स्रोत साधनको अवस्था, परिषदबाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

२३. निर्देशन दिन सक्नेः

(१) नगरपालिकाले परिषदको काम कारवाही गर्न आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

२४. अधिकार प्रत्यायोजनः

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

१) परिषदले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार नगर युवा सञ्जाललाई प्रत्यायोजन गर्न सक्नेछ ।

२) सञ्जालले यो कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य–सचिव वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२५. शपथ ग्रहण गर्नु पर्ने:** परिषद र नगर युवा सञ्जालका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि परिषदको अध्यक्ष समक्ष अनुसूची ३ बमोजिमको शपथ लिनु पर्नेछ ।

**२६. सहयोग गर्नु पर्ने:** परिषदको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय सबैको कर्तव्य हुनेछ ।

**२७. परिषद विघटन:** (१) परिषदले कार्यविधिको बमोजिम काम गर्न नसकेमा नगर कार्यपालिकाले जुनसुकै बखत परिषद वा नगर युवा सञ्जाल विघटन गर्न सक्नेछ ।

**२८. सम्पर्क राख्ने:** परिषदले संघ र प्रदेश सरकारसँग सम्पर्क र समन्वय गर्नु परेमा नगरपालिका मार्फत गर्नु पर्नेछ ।

**२९. विनियम बनाउने अधिकार:** (१) यो कार्यविधिको अधिनमा रही परिषदले आवश्यक विनियम बनाई स्वीकृति गरि लागु गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम आर्थिक भार पर्ने विषयमा विनियम बनाउँदा परिषदले आफ्नो कोषमा प्राप्त रकम भएनभएको एकिन गर्नु पर्नेछ ।

**३०. मान्य हुने:** (१) यस अघि गठन भएका युवाक्लब र नगर युवा सञ्जाल यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**३१. संशोधन गर्न सकिने:** यो कार्यबिधि कार्यन्वयनका क्रममा कुनै बाधा अड्काउ भएमा परिषदको बहुमत सदस्यहरुको निर्णय सहित आवश्यक संशोधनका लागि नगर कार्यपालिकाको बैठकमा सिफारिस गर्नु पर्नेछ । उक्त प्रस्ताव आवश्यक ठानेमा नगर कार्यपालिकाले संशोधन गर्नेछ, यदि फिर्ता गर्नु पर्ने भएमा रायसहित परिषदमा फिर्ता पठाउनेछ ।

तुलसीपुर उपमहानगरपालिका, दाङ
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

अनुसूची–१

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

युवा क्लब तथा संघसंस्थाहरुले आवद्धताका लागि दिने निवेदनको ढाँचा

मितिः......................

श्री नगर युवा परिषद

तुलसीपुर उपमहानगरपालिकाका, दाङ ।

विषयः आवद्ध हुन पाऊँ ।

तुलसीपुर उपमहानगरपालिकाको नगर युवा परिषद कार्यविधि २०७८ बमोजिम परिषदसँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषदसँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छौं ।

१. संघ वा संस्थाको नामः

२.संघ वा संस्थाको ठेगानाः................................नगरपालिका/ गाउँपालिका वडा नं. ................ जिल्ला ................................

फोन नम्बर .................................................. फ्याक्स नं. ............................ ईमेलः .................................. .......

४. संघ वा संस्थाको नविकरण बहाल रहने अवधिः

५. संघ वा संस्थाका मुख्य पदाधिकारीको

नामः .................................................... ठेगानाः .................................................. सम्पर्कः .................................

६. संलग्न गर्नु पर्ने कागजातहरुः

क) संघ वा संस्था दर्ताको प्रमाणपत्रः

ख) निवेदक संघ वा संस्थाको विधानको प्रतिलिपिः

ग) पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनः

निवेदककोः नाम,थरः ..........................................................................................................................................

ठेगानाः ..........................................................................

दस्तखतः ......................................................................

पदः ..............................................................................

संस्थाको छाप

तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर, दाङ, लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे

प्रमुख

अनुसूची २

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## परिषदमा आवद्धताको प्रमाणपत्र

श्री................................................ ले मिति ........................................मा यस परिषदमा आवद्ध हुन पाऊँ भनी दिएको निवेदन उपर कारवाही हुँदा परिषदको मिति ................................... को निर्णयानुसार त्यस युवा क्लब/संघ वा संस्थालाई नगर युवा परिषद कार्यविधि, २०७८ को दफा १३ को-उपदफा (३) बमोजिम तुलसीपुर नगर युवा परिषदमा आवद्ध गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

१. आवद्धता नम्बरः ............................................ मिति ..........................................................................

२.आवद्धता कायम रहने अवधिः मिति .................................... देखि ........................................................ सम्म

प्रमाण-पत्र जारी गर्ने अधिकारीकोः

नाम,थरः–

पदः–

मितिः–

समितिको छापः–

| क्र.सं. | नवीकरण मिति | नवीकरण वहाल रहने मिति | नवीकरण शुल्क र रसिद नं | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे प्रमुख

## अनुसूची ३

(दफा २५ सँग सम्बन्धित)

म ...................................... मूलुक र जनताप्रति बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु, देश र जनताका नाममा शपथ लिन्छु कि तुलसीपुर उपमहानगरपालिका नगर युवा परिषद/नगर युवा सञ्चालको ................................ पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा समाजप्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

शपथ ग्रहण गर्नेको:

नाम:

दस्तखत:

पद:

शपथ ग्रहण गराउनेको:

नाम:

दस्तखत:

पद:

तुलसीपुर उपमहानगरपालिका, दाङ
तुलसीपुर, नेपाल
लुम्बिनी प्रदेश

घनश्याम पाण्डे
प्रमुख